## 14. एक परिवार मार्फत परमेश्वरको योजना (उत्पत्ति 12:1-8; 15:1-6; 17:1-8)

## God's Plan Through One Family (Genesis 12:1-8; 15:1-6; 17:1-8)

**जडान गर्नुहोस्**

• तपाईं आज केको लागि आभारी हुनुहुन्छ?

• गत हप्ता तपाईंले आफ्नो जीवनमा परमेश्वरले कसरी काम गरेको देख्नुभएको छ?

• तपाईंले जीवनमा कस्ता कठिनाइहरू अनुभव गरिरहनुभएको छ? हामी कसरी मद्दत गर्न सक्छौं?

• तपाईंले पछिल्लो सत्रको खोजलाई कसरी लागू गर्नुभयो? के भयो?

• तपाईंले पछिल्लो सत्रको खोज कससँग साझा गर्नुभयो? उनीहरुको प्रतिक्रिया के थियो ?

**निर्देशन:**

तलका खण्डहरूमा परमेश्वरको सत्यताको खोजलाई मार्गदर्शन गर्न कृपया निम्न चरणहरू प्रयोग गर्नुहोस्। समूह दिशानिर्देशहरू समीक्षा गर्न आवश्यक छ।

**पत्ता लगाउनुहोस्**

**चरण 1**- सहभागीहरूले खण्डको खण्डहरू पालैपालो पढ्छन् (नयाँ शब्दहरू/सर्तहरू स्पष्ट गर्नुहोस्)

**चरण 2** -एक जनाले पूरै खण्ड ठूलो स्वरमा पढ्छन् जबकि बाँकी सुन्छन्।

**चरण 3**- एक सहभागीले खण्डलाई आफ्नै शब्दमा पुन: बताउँछन् (अरूले आफ्ना विचारहरू थप्छन्)

**एक परिवार मार्फत परमेश्वरको योजना (उत्पत्ति १२:१-८; १५:१-६; १७:१-८)**

**उत्पत्ति १२:१-८ (Genesis 12:1-8)**

1 परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा मानिसहरूलाई छोड, र मैले देखाएको देशमा
जाऊ। 2 म तिमीलाई आशीर्वाद दिनेछु, तिमीबाट महान् राष्ट्र बनाएर प्रसिद्ध बनाउनेछु। तब मानिसहरूले
अरूलाई आशीर्वाद दिदाँ तिम्रो नाउँ लिनेछन्। 3 म तिमीलाई आशीर्वाद दिने मानिसहरूलाई आशीर्वाद
दिनेछु, अनि तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। पृथ्वीमा सबै मानिसहरूलाई आशीर्वाद दिनका
लागि म तिम्रो नाउँ प्रयोग गर्नेछु।" अब्राम कनान जान्छन् 4 यसर्थ अब्रामले परमप्रभुले भन्नु भए अनुसार
नै हारान छोडे अनि लूत तिनीसित गए। जब अब्रामले हारान छोडे त्यस समय तिनी पचहत्तर बर्ष पुगेका
थिए। 5 अब्रामले आफ्नी पत्नी साराई, उसको भतिजो लूत, आफूसित भएका कमारा-कमारीहरू र
हारानमा आफ्नो जे जति थियो लिएर कनान गए। 6 अब्राम कनान देशको शकेमसम्म गए अनि मोरेमा
ठूलो रूख भएको ठाउँ सम्म पुगे। त्यस समयमा कनानी मानिसहरू त्यस ठाउँमा बस्थे। 7 त्यहाँ परमप्रभु
अब्रामको अघि प्रकट हुनुभयो अनि भन्नुभयो, "म तेरो सन्तानहरूलाई (अनि अरू कसैलाई पनि होइन)
यो भूमि दिनेछु।" अब्रामले त्यस ठाउँमा जहाँ परमप्रभु तिनी अघि प्रकट हुनु भएको थियो। पूजाको निम्ति
वेदी बनाए। 8 त्यसपछि अब्रामले त्यस ठाउँ छाडी बेतेलको पूर्वको पहाडतिर यात्रा गरे अनि तिनले त्यहीं
आफ्नो पाल बनाए। त्यस ठाउँबाट बेतेल पश्चिममा थियो र ऐ-शहर पूर्वमा पर्थ्यो। तिनले त्यस ठाउँमा
परमप्रभुको निम्ति वेदी बनाए अनि परमप्रभुको उपासना गरे। 9 तब अब्रामले यहूदाको दक्षिणी मरुभूमि
इलाका नेगेबपट्टि आफ्नो यात्रा शुरू गरे।

**उत्पत्ति १५:१-६ (Genesis 15:1-6)**

1यी सब कुराहरू भई सकेपछि अब्रामलाई परमप्रभुबाट दर्शनद्वारा केही संदेशहरू आए। परमप्रभुले
भन्नुभयो, "अब्राम तिमी नडराऊ। म तिम्रो ढाल हुँ। तिम्रो इनाम अत्यन्त विशाल हुनेछ।" 2 अब्रामले भने,
"हे परमप्रभु परमेश्वर! हजुरले मलाई के दिनुहुन्छ? यस्तो हजुरले दिंदा मलाई खुशी पार्ने केही छैन।
किनभने, मसित छोरा छैन। यसर्थ मेरो घरमा जन्मेको कमारा दमीसकको एलीएजरले मेरो मृत्यु पछाडी
मसँग भएका सबै सम्पत्ति पाउनेछ।" 3 अब्रामले भने, "तपाईंले मलाई एउटा छोरा दिनुभएको छैन, अतः
मेरो घरमा जन्मेको कमाराले मेरो जम्मै सम्पत्ति पाउनेछ।" 4 त्यसपछि परमप्रभुले अब्रामसित कुरा गर्नु
भयो। परमेश्वरले भन्नुभयो, "तिमीसँग भएको सम्पत्ति त्यो कमारोले पाउँदैन। तिम्रो आफ्नै छोरो जन्मनेछ।
अनि तिम्रो सम्पत्तिको उत्तराधिकारी उही तिम्रो छोरो हुनेछ।" 5 त्यसपछि परमेश्वरले अब्रामलाई बाहिर
लानु भयो र भन्नुभयो, "आकाशमा हेर, तिमीले त्यहाँ यति धेरै ताराहरू देख्नेछौ गन्नु सक्तैनौ। भविष्यमा

तिम्रा पनि त्यति धेरै सन्तानहरू हुनेछन्।" 6 अब्रामले परमेश्वरलाई विश्वास गरे अनि परमेश्वरले अब्रामको
विश्वासलाई विचार गर्नुभयो कि उसले वास्तवमा के गराउन चाहन्थे। 7 परमेश्वरले अब्रामलाई भन्नुभयो,
"म उही परमप्रभु हुँ जसले तिमीलाई कल्दीहरूको ऊरबाट ल्याएँ। मैले यसो गर्नुको तात्पर्य तिमीलाई यो
भूमि दिनु हो, यो भूमि तिमीले ग्रहण गर्नेछौ।"

**उत्पत्ति १७:१-८ (Genesis 17:1-8)**

1 जब अब्राम 99 बर्ष पुगे परमप्रभु तिनी सामु प्रकट हुनुभयो। परमप्रभुले भन्नुभयो, "म सर्वशक्तिमान
परमेश्वर हुँ। मसित सही पथ अनुशरण गर। 2 यदि तिमीले यसो गर्छौ, म हामीबीच एउटा करार तयार
पार्नेछु। म तिम्रा सन्तानहरू व्यापक संख्यामा बढाउनेछु।" 3 तब अब्राम परमेश्वरअघि नतमस्तक भए र
परमेश्वरले तिनलाई भन्नुभयो। 4 "यो हाम्रो करारमा मेरो भाग हो। म तिमीलाई धेरै-धेरै जाति-समूहहरूको
पिता बनाउनेछु। 5 तिम्रो नाउँ अब्राम रहने छैन-तिम्रो नाउँ अब्राहाम हुनेछ। म तिमीलाई यो नाउँ राख्दैछु
कारण तिमीलाई म धेरै-धेरै जाति-समूहहरूको पिता बनाउँदैछु। 6 म तिमीलाई धेरै-धेरै सन्तानहरू दिनेछु।
नयाँ राष्ट्र र राजा तिमीबाट नै बनिनेछन्। 7 म तिम्रो र मेरो बीचमा एक करार तयार बनाउँछु जुन करार
तिम्रा सन्तानहरूको निम्ति पनि हुनेछ। म तिम्रो र तिम्रा सबै सन्तानहरूको परमेश्वर रहनेछु। यो करार
सधैँको निम्ति रही रहनेछ। 8 अनि म तँ र तेरा सन्तानहरूलाई यो भूमि दिनेछु। म तलाईं कनानको सम्पूर्ण
भूमि दिनेछु जसमा तँ अहिले विदेशी छस्। म यो भूमि सधैँका लागि दिंदैछु अनि तेरो परमेश्वर हुन्छु।"

---

(नेपाली बाइबल: पढ्न सजिलो संस्करण। प्रतिलिपि अधिकार © 2004, 2010 बाइबल लीग इन्टरनेशनल । सबै अधिकार सुरक्षित छन्।)

**सोध्नुहोस्/उत्तर:**

- यो खण्डको अर्थ के हो?
- यो खण्डमा तपाईलाई के मनपर्छ/मनपर्दैन?

**जवाफ दिनु : यदि यो सत्य हो भने...**

• यसले तपाईंको जीवन शैली कसरी परिवर्तन गर्नुपर्छ?

• तपाईं आजको खोज कसलाई साझा गर्नुहुनेछ?

• खण्डले तपाईंले परमेश्वर/मानिसहरूलाई हेर्ने तरिकालाई कसरी परिवर्तन गर्छ?

**बन्द गर्नुहोस्**

• समूह फेरि कहिले भेट्ने निर्णय गर्नुहोस्।

• प्रार्थनामा बन्द गर्नुहोस्। (माथि उल्लेखित आवश्यकताहरूको लागि)

(अनुवादक: कृशान्त रौनियार। हाम्रो प्रभु येशूको नाममा जयमशी)